# यो आकाशवाणी हो

**प्रमुख समाचारहरु**

१) राष्ट्रपति द्रौपदी मुर्मुले पुलिस बललाई अझ बढी जन-मैत्री बन्न र सर्वसाधारण, विशेष गरी महिला, गरिब तथा बालबालिकाहरूका समस्याप्रति संवेदनशील हुन आह्वान गर्नुभएको छ।

२) देशबाट प्रत्येक अवैध आप्रवासीको पहिचान गरी उनीहरूलाई निष्कासन गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको केन्द्रीय गृह एवं सहकारिता मन्त्री अमित शाहको भनाइ

3) कर्नाटकका मुख्यमन्त्री सिद्धरामैयाद्वारा मुख्यमन्त्री पद बाट राजिनामा दिनुभएको छ

4) राष्ट्रिय परीक्षा एजेन्सी NTA द्वारा, आज स्थगित गरिएको परिक्षा , आगामी ३१ मई अनि ६ र ७ जुनमा आयोजन गरिने

-------

1) राष्ट्रपति: सिक्किम पुलिसलाई 'राष्ट्रपति पुलिस कलर' प्रदान

राष्ट्रपति द्रौपदी मुर्मुले पुलिस बललाई अझ बढी जन-मैत्री बन्न र सर्वसाधारण, विशेष गरी महिला, गरिब तथा बालबालिकाहरूका समस्याप्रति संवेदनशील हुन आह्वान गर्नुभएको छ।

राष्ट्रपतिले आज सिक्किमस्थित गान्तोकको पाल्जोर स्टेडियममा आयोजित एक भव्य अलङ्करण परेडमा सिक्किम पुलिसलाई प्रतिष्ठित 'राष्ट्रपति पुलिस कलर' प्रदान गर्दै यस्तो आग्रह गर्नुभएको थियो। यस गौरवपूर्ण सम्मानका साथ सिक्किम यो पुरस्कार प्राप्त गर्ने देशको १५औँ र उत्तर-पूर्वी भारतको तेस्रो राज्य बनेको छ। सन् १८९७ देखि राज्य र सीमावर्ती क्षेत्रको सुरक्षामा निरन्तर खटिएको सिक्किम पुलिसले यो सर्वोच्च सम्मान हासिल गरेको छ

वर्तमान समयमा परम्परागत सुरक्षा मात्र पर्याप्त नरहेको उल्लेख गर्नुहुँदै राष्ट्रपतिले सिक्किम पुलिसलाई डीपफेक, अनलाइन ठगी र साइबर अपराध जस्ता आधुनिक प्राविधिक चुनौतीहरूसँग लड्न पूर्ण रूपमा तयार रहन निर्देशन दिनुभयो। उहाँले राज्यमा शान्ति-सुव्यवस्था कायम राख्न तथा विपद् व्यवस्थापनमा सिक्किम पुलिसले निर्वाह गरेको भूमिकाको उच्च प्रशंसा पनि गर्नुभयो।

2) ) केन्द्रीय गृह मन्त्री अमित शाह : अवैध आप्रवासी निष्कासन ।

केन्द्रीय गृह एवं सहकारिता मन्त्री अमित शाहले देशबाट प्रत्येक अवैध आप्रवासीको पहिचान गरी उनीहरूलाई निष्कासन गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको कुरालाई पुनः दोहोर्‍याउनुभएको छ। आफ्नो गान्धीनगर लोकसभा निर्वाचन क्षेत्रमा आज ३४० करोड रुपैयाँ मूल्यका विभिन्न विकास आयोजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुहुँदै गृह मन्त्री शाहले सीमा सुरक्षा सुनिश्चित गर्न र अवैध आप्रवासनलाई निर्मूल पार्न सरकार दृढ रहेको कुरामा जोड दिनुभयो। आफ्नो सम्बोधनका क्रममा गृह श्री शाहले, एक साताभित्रै ६०० हेक्टर जमिन, सीमा सुरक्षा बल (BSF) लाई उपलब्ध गराएकोमा पश्चिम बङ्गाल सरकारलाई बधाई दिनुभयो। वीर सावरकरको जन्मजयन्तीको अवसरमा मन्त्री शाहले मातृभूमिका लागि उहाँले पुर्‍याउनुभएको अतुलनीय योगदान, सर्वोच्च त्याग र आजीवन समर्पणको स्मरण गर्नुभयो। श्री शाहले, आज शाहीबाग सर्किट हाउसमा एक उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुहुँदै, आगामी ओलम्पिक, कमनवेल्थ, र वर्ल्ड पुलिस एन्ड फायर गेम्सका लागि पूर्वाधारको तयारी अवस्थाको मूल्यांकन गर्नुहुनेछ।

3) कर्नाटकका मुख्यमन्त्री सिद्धरामैयाको: राजीनामा

कर्नाटकका मुख्यमन्त्री सिद्धरामैयाले आज लोक भवनमा राज्यपालका विशेष सचिव समक्ष आफ्नो राजीनामा औपचारिक रूपमा बुझाउनुभएको छ। राजीनामा बुझाएपछि सञ्चारकर्मीहरूलाई सम्बोधन गर्नुहुँदै उहाँले आफ्नो राजीनामा पत्र सचिवलाई हस्तान्तरण गरिएको पुष्टि गर्नुभयो। सिद्धरामैयाले विधानसभामा १३६ भन्दा बढी विधायकहरूको समर्थनका साथ कांग्रेस सरकारसँग पूर्ण बहुमत रहेकाले राज्यपाललाई नयाँ मुख्यमन्त्रीलाई सरकार गठनका लागि आमन्त्रित गर्न अनुरोध गर्नुभएको छ। कांग्रेस पार्टीले सन् २०२३ को विधानसभा चुनावमा जित हासिल गरेपछि

सिद्धरामैया मई  २०२३ मा दोस्रो पटक  मुख्यमन्त्री बन्नुभएको थियो। यसअघि उहाँले सन् २०१३ देखि २०१८ सम्म मुख्यमन्त्रीको रूपमा सेवा गरिसक्नुभएको छ।वर्तमानका उप मुख्यमन्त्री तथा कांग्रेस पार्टीका वरिष्ठ नेता डी.के. शिवकुमारलाई, पार्टीले नयन मुख्यमन्त्री नामित गरेको छ

## 4) मन्त्री शिवराज सिंह: प्रधानमन्त्री आवास योजना-ग्रामीण

केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले आज भिडियो कन्फरेन्सिङमार्फत प्रधानमन्त्री आवास योजना-ग्रामीण अन्तर्गत देशका १२ वटा राज्यका लागि १० हजार करोड रुपैयाँभन्दा बढीको राशि जारी गर्नुभएको छ। यी राज्यहरूमा असम, छत्तिसगढ, गुजरात, हरियाणा, हिमाचल प्रदेश, झारखण्ड, कर्नाटक, केरल, पञ्जाब, राजस्थान, तमिलनाडु र उत्तर प्रदेश रहेका छन्।

यस अवसरमा बोल्नुहुँदै मन्त्री चौहानले देशका कुनै पनि गरिब नागरिक कच्ची घरमा बस्न नपरोस् भन्ने कुरा सुनिश्चित गर्न प्रधानमन्त्री नरेन्द्र मोदी प्रतिबद्ध रहनुभएको बताउनुभभयो।

## 5) शिक्षा मन्त्री धर्मेन्द्र: 'अन-स्क्रिन मार्किङ' (OSM

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले CBSE द्वारा  सुरु गरिएको 'अन-स्क्रिन मार्किङ' (OSM) प्रणालीलाई मूल्यांकन प्रक्रियामा अझ बढी पारदर्शिता ल्याउने एक "प्रगतिशील कदम" भएको बताउनुभएको छ। नयाँ दिल्लीमा सीबीएसईका अधिकारीहरूसँगको बैठकपछि सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मन्त्री प्रधानले सीबीएसई कक्षा १२ को परीक्षाको पुनर्मूल्यांकन पोर्टलमा देखिएका प्राविधिक समस्या र त्रुटिहरूका कारण चिन्तित बनेका विद्यार्थीहरूका  सबै गुनासोहरूलाई सम्बोधन गरिने स्पष्ट पार्नुभयो।

## 6) राष्ट्रिय परीक्षा एजेन्सी (NTA) ले साझा  CUET UG

राष्ट्रिय परीक्षा एजेन्सी (NTA) ले CUET परिक्षा २०२६ को संशोधित परीक्षा तालिका र प्रवेश पत्र जारी गरेको छ। एनटीएको सूचनाअनुसार स्थगित गरिएका परीक्षाहरू अब यही मई महिनाको ३१ तारिख तथा आगामी जुन महिनाको ६ र ७ तारिख मा सञ्चालन हुनेछन्। आज २८ मई का

लागि  तय गरिएको परीक्षा ईद-उल-अजहाको बिदामा भएको कारण स्थगित गरी नयाँ मिति तोकिएको हो।

एजेन्सीले आगामी ३१ तारिख आइतबार हुने परीक्षामा उपस्थित हुने परीक्षार्थीहरूका लागि प्रवेश पत्र जारी गरिसकेको र उनीहरूले एनटीएको आधिकारिक वेबसाइट cuet.nta.nic.in बाट यसलाई डाउनलोड गर्न सक्ने जनाएको छ। आगामी महिनाको ६ र ७ तारिखमा परीक्षा तय भएका बाँकी उम्मेदवारहरूको प्रवेश पत्र पनि चाँडै नै सार्वजनिक गरिने एनटीएले उल्लेख गरेको छ।

7) भारतीय जनता पार्टी: चार प्रादेशिक अध्यक्षहरूको घोषणा ।

भारतीय जनता पार्टीले आज  राष्ट्रिय राजधानी दिल्लीसहित चारवटा राज्यका लागि नयाँ प्रादेशिक अध्यक्षहरूको घोषणा गरेको छ। भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नबिनले पूर्वी दिल्लीका सांसद एवं केन्द्रीय राज्यमन्त्री हर्ष मल्होत्रालाई  दिल्ली प्रदेश अध्यक्ष नियुक्त गर्नुभएको छ।  यसैगरी, हरियाणा राज्यका लागि  अर्चना गुप्ता,  पञ्जाबमा केवल सिंह ढिल्लोन, त्तर-पूर्वी राज्य त्रिपुराका लागि भाजपा विधायक अभिषेक देवरायलाई प्रदेश अध्यक्षको जिम्मेवारी दिइएको छ।

8) खेलकुद मन्त्री मनसुख माण्डविया: मेघालय भ्रमण

केन्द्रीय खेलकुद मन्त्री मनसुख माण्डवियाले भोलिदेखि सुरु हुने आफ्नो तीन दिने मेघालय भ्रमणका क्रममा शिलोङमा एक एकीकृत बहुउद्देश्यीय इन्डोर खेलकुद परिसरको उद्घाटन गर्नुहुने कार्यक्रम छ । भ्रमणका क्रममा उहाँले यसै वर्ष मेघालयमा आयोजना हुन गइरहेको राष्ट्रिय खेलकुद को तयारीको पनि समीक्षा गर्नुहुनेछ। मन्त्री माण्डवियाले युवा मामिला, खेलकुद पूर्वाधार विकास र केन्द्र सरकारद्वारा प्रायोजित योजनाहरूको समीक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

------------